# बी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल

## आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति सम्बन्धी सूचना

च.नं. ०६।२०७९।०८०

**(प्रथम पटक प्रकाशित मिति-२०७९।०९।२२)**

यस अस्पतालमा रिक्त रहेका देहाय बमोजिमका पदहरु आन्तरिक प्रतियोगिताद्वारा स्थायी रुपमा पदपूर्ति गर्न लोक सेवा आयोगबाट मिति २०७९।०९।१९ को पत्रबाट सहमति प्राप्त भएअनुसार बी.पी. कोइराला मेमोरियल अस्पताल कर्मचारी प्रशासन नियमावली, २०६६ (तेस्रो संशोधन, २०७९) को नियम १५ को उपनियम (४) बमोजिम तोकिएको योग्यता पुगेका यस अस्पतालमा कार्यरत कर्मचारीहरुबाट यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र रितपूर्वक दरखास्त फाराम पेश गर्नुहुन आह्वान गरिएको छ ।

| क.सं. | विज्ञापन नं. | पद | सेवा, समूह, उपसमूह, तह | माग पद संख्या |
|---|---|---|---|---|
| १. | १३।२०७९।८० | कन्सल्टेण्ट | प्राविधिक (स्वास्थ्य), मेडिकल (चिकित्सक), एघारौं | १ |
| २. | १४।२०७९।८० | जुनियर कन्सल्टेण्ट | प्राविधिक (स्वास्थ्य), मेडिकल (चिकित्सक), दशौं | २ |
| ३. | १५।२०७९।८० | सिष्टर | प्राविधिक (स्वास्थ्य), नर्सिङ्ग, क्लिनिकल/कम्यूनिटी, सातौं | २ |
| ४. | १६।२०७९।८० | बरिष्ठ स्टाफ नर्स | प्राविधिक (स्वास्थ्य), नर्सिङ्ग, क्लिनिकल/कम्यूनिटी, छैठौं | १ |
| ५. | १७।२०७९।८० | बरिष्ठ टेक्निसियन | प्राविधिक (स्वास्थ्य), मेडिकल (एलाइड हेल्थ), मेडिकल ल्याव टेक्नोलोजी, छैठौं | १ |

**आवश्यक शैक्षिक योग्यता र अनुभव:**

(क) **आन्तरिक प्रतियोगितात्मक परीक्षाको लागि:** बी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल कर्मचारी प्रशासन नियमावली, २०६६ ( तेस्रो संशोधन, २०७९) को नियम १५ को उपनियम (४) बमोजिम हुनेछ ।

**नोट:**

१. दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थान : दरखास्त फाराम बी.पी.कोइराला मेमोरियल क्यान्सर अस्पताल, भरतपुर, चितवनको वेबसाइट www.bpkmch.org.np बाट डाउनलोड गरी A4 साईजको फोटोकपी पेपरमा प्रिन्ट/फोटोकपि गर्न सकिनेछ । दरखास्त फारामहरु बी.पी.कोइराला मेमोरियल क्यान्सर अस्पताल, भरतपुर, चितवनको कार्यालयमा बुझाउनु पर्नेछ । सबै पदहरुको पाठ्यक्रम वेबसाइटमा राखिनेछ ।

२. दरखास्त बुझाउने समय : बिहान ९.०० बजे देखि ४.३० बजे सम्म र शुक्रवार ३:०० बजे सम्म ।

३. परीक्षा दस्तुर:- छैटौं/सातौं लागि रु.१,०००।-, दशौं तहको लागि रु.१२,००।-, एघारौं तहको लागि रु.१५,००।- लाग्नेछ । दरखास्तका साथ कृषि विकास बैंक लिमिटेडमो बी.पी.कोइराला मेमोरियल क्यान्सर अस्पताल, भरतपुर, चितवनको नाममा रहेको खाता नं. ०५०८६०११७३४७२०१२ मा जम्मा गरेको सक्कल भौचर संलग्न गर्नु पर्नेछ ।

४. **परीक्षाको किसिम:** लिखित र अन्तर्वार्ता ।

५. **लिखित परीक्षा लोक सेवा आयोगबाट संचालन हुनेछ ।**

६. निम्नलिखित कागजातहरुका प्रतिलिपिमा उम्मेदवार स्वयंले प्रमाणित गरी दरखास्त साथ अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ :

(क) हालसालै खिचिएको पासपोर्ट साईजको ३ प्रति फोटो ।

(ख) नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

(ग) शैक्षिक योग्यताको प्रमाणपत्र प्रतिलिपि, (न्युनतम शैक्षिक योग्यताको मात्र), चारित्रिक प्रमाणपत्र वा उमेर खुलेको प्रमाणपत्रको प्रतिलिपि ।

(घ) विदेशी शिक्षण संस्थावाट प्रमाणपत्र पाएका उम्मेदवारहरुको हकमा समकक्षताको प्रतिलिपि ।

(ङ) प्राविधिक (स्वास्थ्य) सेवा अन्तर्गतका पदका लागि सम्वन्धित व्यवसायिक परिषदमा दर्ता भएको प्रमाणपत्र ।

७. **तलब र सुविधा:** बी.पी.कोइराला मेमोरियल क्यान्सर अस्पताल, भरतपुर, चितवनको नियमानुसार ।

८. दरखास्त दिने अन्तिम मितिमा सार्वजनिक विदा पर्न गएमा सार्वजनिक विदा पछिको कार्यालय खुलेको दिन दरखास्त दिने अन्तिम मिति मानिने छ ।

९. उल्लेखित पदहरुको लिखित परीक्षा लोक सेवा आयोगबाट तोकिएको स्थानमा हुनेछ ।

१०. लिखित परीक्षा सम्वन्धि कार्यक्रम पछि प्रकाशित गरिनेछ ।

११. विज्ञापन रद्द भएको अवस्थामा वाहेक परीक्षा दस्तुर फिर्ता हुने छैन ।

१२. तोकिएका प्रक्रियाहरु पूरा नभएका दरखास्त फाराम जुनसुकै बेला पनि रद्द हुनेछ । यसरी रद्द हुन गएका दरखास्तहरुको परीक्षा दस्तुर फिर्ता गर्न अस्पताल बाध्य हुनेछैन ।

१३. सूचनामा उल्लेख नभएका अन्य कुराहरु बी.पी. कोइराला मेमोरियल अस्पताल कर्मचारी प्रशासन नियमावली, २०६६ (तेस्रो संशोधन, २०७९) तथा प्रचलित कानूनमा व्यवस्था भए बमोजिम हुनेछन्।

सदस्य सचिव
पदपूर्ति समिति

**गृही नारायण महतो**
**सदस्य सचिव**
**पदपूर्ति समिति**
**वी.पी.को.मे.क्या.अ**